# तिलोत्तमा बहु-उद्देश्यीय टावर सञ्चालनको कार्य ठेक्कामा दिने सम्बन्धी बोलपत्र आह्वानको सूचना

सूचना प्रकाशन मितिः २०८२/०६/२९
ठेक्का सूचना नं. - आय १७/०८२/०८३

तिलोत्तमा नगरपालिकाको वडा नं.-२, वनवाटिकामा निर्माण भएको तिलोत्तमा बहु-उद्देश्यीय टावर (भ्यू टावर) को सञ्चालन सम्वन्धी कार्यको आय ठेक्का वन्दोवस्त गर्नु परेकोले ईजाजत प्राप्त ईच्छुक फर्म वा कम्पनीलाई वोलपत्र सम्वन्धी प्रकृयामा सहभागि हुन यसै सूचनाद्वारा आव्हान गरिन्छ ।

**क) ठेक्का सम्वन्धी विवरण**

| क.सं. | कामको विवरण | ठेक्का अवधि | वार्षिक न्यूनतम अंक (मू.अ.कर बाहेक) रु. | बोलपत्र जमानत वापतको रकम रु. | बोलपत्र दस्तूर रु. |
|---|---|---|---|---|---|
| १ | तिलोत्तमा बहुउद्देश्यीय टावर (भ्यू टावर) ठेक्कामा लिई सञ्चालन गर्ने कार्य | पन्ध्र (१५) वर्ष | ४५,५०,०००/- (पैतालिस लाख पचास हजार मात्र) | मू. अ. कर बाहेकको कवोल रकमको पाँच (५) प्रतिशतले हुन आउने रकम | ३०००/- |

**ख) टावरको संरचना विवरण**

१ मुख्य टावरः लिफ्टयुक्त एघार तल्ला रहेको ।

२ अन्य संरचनाः म्युजिकल फाउण्टेन, वगैचा, फूलवारी, स्विमिङ्ग पूल र पार्किङ्ग क्षेत्र समेत ।

३ टावर क्षेत्रले ओगटेको जमिनको क्षेत्रफलः करिव दुई विघाह

**ग) ठेक्का सम्वन्धी शर्तहरु**

१ सम्वन्धित निकायमा प्रा.लि. वा एकल वा साझेदारी फर्म दर्ता भई प्रचलित कानून बमोजिम नविकरण गर्नुपर्ने भएमा सम्वन्धित निकायवाट नविकरण समेत भएका प्रा.लि. वा फर्मले यो सूचना प्रकाशन भएको मितिले ३१ औं दिनको १२ वजे सम्म www.bolpatra.gov.np/egp बाट बोलपत्र फाराम डाउनलोड गर्न सकिनेछ ।

२ वोलपत्रदाताले बोलपत्र फाराममा आँफुले बुझाउन कवोल गरेको रकम अंक र अक्षर दुवैमा उल्लेख गरि वोलपत्र फारामसाथ आफ्नो प्रा.लि. वा फर्म दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८१/०८२ को करचुक्ता प्रमाणपत्र (२०८१/०८२ करचुक्ता भईनसकेको भएमा २०८०/०८१ को करचुक्ता प्रमाणपत्र र २०८१/०८२ को लागि म्याद थप गरेको पत्रको प्रतिलिपि), बोलपत्र फाराम दस्तुर वापतको रकम NIC ASIA वैंकमा तिलोत्तमा नगरपालिका कार्यालयको राजश्व खाता नं. 1052055499599012 मा ठेक्का नं. र बोलपत्रदाताको नाम समेत उल्लेख गरि तोकिए वमोजिमको रकम दाखिला गरेको बैंक भौचर वा कार्यालयमा नगद दाखिला गरेको नगदी रसीद र आफुले कवोल गरेको अङ्कमा मू.अ.कर समेत जोडी हुन आउने रकमको ५% ले हुन आउने धरौटी रकम NIC ASIA वैंकमा रहेको यस तिलोत्तमा नगरपालिका कार्यालयको धरौटी खाता नं. A5CA549959952403 मा जम्मा गरी सोको बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट

खुमलाल अर्याल
प्रमुख प्रशासकीय अधिकृत

इजाजत प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी कम्तिमा १२० दिनको म्याद सहित जारी गरिएको बिडबण्ड समेत संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले ३१औं दिन दिनको १२.०० बजे भित्र www.bolpatra.gov.np/egp मार्फत पेश गर्नुपर्नेछ ।

३ रीतपूर्वक पर्न आएका बोलपत्र सम्वन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको २.०० बजे सम्वन्धित वोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि वोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न वाधा पर्नेछैन ।

४ प्रि-विड बैठक यो सूचना प्रकाशित मितिले १५औं दिन दिनको २.०० बजे तिलोत्तमा नगरपालिकाको कार्यालयमा हुनेछ । ईच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी लिन सक्नेछन् । उक्त दिन विदा परेमा उक्त बैठक सोको भोलिपल्ट सोही समयमा हुनेछ ।

५ रीत नपुगी वा शर्त सहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुनेछैन । वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्वन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

६ बोलपत्र स्वीकृत भएमा बोलपत्रदाताले त्यसको सूचना प्राप्त भएको मितिले १५ दिनभित्र आँफुले बुझाउन कवोल गरेको पहिलो वर्षको एकमुष्ठ ठेक्का रकम, त्यसमा लाग्ने १३ प्रतिशतले हुन आउने मूल्य अभिवृद्धि कर र १.५ प्रतिशतले हुन आउने अग्रिम आयकर वापतको रकम आन्तरिक राजस्व कार्यालयमा दाखिला गरेको भौचर र दोस्रो वर्षका लागि कम्तिमा १३ महिना अवधि रहेको वाँणिज्य बैकले जारी गरेको बैक जमानत पेश गरि ठेक्का सम्झौता गर्नुपर्नेछ ।

७ एवं रीतले वाँकी वर्षको हकमा समेत तोकिएको अवधिमा प्रत्येक आर्थिक वर्षको ठेक्का रकम, त्यसमा लाग्ने १३ प्रतिशतले हुन आउने मूल्य अभिवृद्धि कर, १.५ प्रतिशतले हुन आउने अग्रिम आयकर वापतको रकम र अर्को आर्थिक वर्षका लागि कम्तिमा १३ महिना अवधि रहेको वाँणिज्य वैकले जारी गरेको वैक जमानत पेश गरि ठेक्का नविकरण गर्दै जानुपर्नेछ ।

८ हरेक दुई/दुई वर्षमा शुरु कवोल रकमको १० प्रतिशतका दरले स्वतः ठेक्का रकम बृद्धि हुँदै जानेछ । वोलपत्रदाताले सोही वमोजिम ठेक्का रकम दाखिला तथा वैक जमानत पेश गर्नुपर्नेछ ।

९ वोलपत्रदाताले तोकिएको म्यादभित्र ठेक्का सम्झौता गर्न नआएमा वा लिन मञ्जूर नगरेमा निज पछिको दोस्रो, तेस्रो क्रम अनुसार अरु वोलपत्रदातालाई प्राथमिकता दिई निजहरुलाई सूचना जारी गरी ठेक्का बन्दोबस्त गरिनेछ । यसरी दोस्रो, तेस्रो क्रम अनुसार सम्झौता गर्नुपर्ने अवस्थामा सम्झौता गर्न नआउने बोलपत्रदाताको धरौटी जफत गरिनेछ । जफत गरेको धरौटी रकम भन्दा तल्लो क्रममा जाँदाको कवोल रकमको अन्तर वढी हुने भएमा सो अन्तर वढी हुने भएमा सो अन्तर वरावरको रकम अघिल्लो बढी हुने भएमा सो अन्तर वरावरको रकम अघिल्लो क्रमको वोलकर्तावाट सरकारी सरह असूल उपर गरिनेछ ।

## घ) टावरको सञ्चालन सम्वन्धी शर्तहरु

१ नगरपालिकाले मुख्य टावर हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा उपलब्ध गराउनेछ । वोलपत्रदाताले यसको वाहिरी स्वरुपमा असर नपर्ने गरि भित्री भागमा आवश्यकतानुसार आन्तरिक सजावट (ईन्टेरियर/डेकोरेशन) ईत्यादी आफ्नै लगानीमा गरि सञ्चालन गर्नुपर्नेछ । त्यसै गरि स्विमिङ्ग पूलको वाहिरी भाग निर्माण भैसकेको र वोलपत्रदाता स्यमंले आवश्यकताको आधारमा आफ्नै लगानीमा भित्री फिटिङ्ग लगायतको निर्माण गरि सञ्चालन गर्नुपर्नेछ ।तर नगरपालिकामा यस्ता खर्चको दावी गर्ने पाईने छैन ।

२ बोलपत्रदाताले टावर क्षेत्रभित्र हाल कायम रहेका संरचनाहरु वाहेकका खाली स्थानमा नगरपालिकावाट स्वीकृति लिएर थप अस्थायी संरचना निर्माण गरि सञ्चालन गर्न सक्नेछ । ठेक्का अवधि समाप्त भए पश्चात उक्त संरचनाहरु नगरपालिकालाई उपयुक्त हुने देखिएमा स्वतः नगरपालिकाको हुनेछ । उपयुक्त हुने नदेखिएका संरचनाहरु भने बोलपत्रदाताले हटाईदिनुपर्नेछ । अस्थायी संरचना निर्माण गर्दा वा हटाउँदा लाग्ने खर्चको दावी गर्न पाईनेछैन ।

३ टावरमा व्यवसाय संचालन गर्नका लागि आवश्यक पर्ने फर्निचर लगायतका आवश्यक सामग्रीहरु स्यमं व्यवस्थापन गर्नुपर्नेछ ।

४ प्राकृतिक विपत्तिबाट हुन जाने ठुला क्षति बाहेक सवै प्रकारका मर्मत सम्भार बोलपत्रदाता स्यमंले गर्नुपर्नेछ

५ बोलपत्रदाताले खानेपानी, विद्युत आदीको महसूल बुझाउने तथा मुख्य टावरमा जडान भएको लिफ्ट र परिसरमा रहेका म्युजिकल फाउण्टेन, बगैचा, फूलवारी, स्विमिङ्ग पूल, पार्किङ्ग क्षेत्र, विद्युत तथा खानेपानी मिटर, ट्रान्सफर्मर, जेनेरेटर लगायतको उचित संरक्षण, मर्मत सम्भार तथा नियमित सरसफाईको व्यवस्था गर्नुपर्नेछ ।

६ यस सूचनामा समावेस विषय यसै बमोजिम र नभएका अन्य विषयहरु प्रचलित कानून बमोजिम हुनेछ ।

७ थप जानकारीको लागि यस कार्यालयको राजस्व शाखामा सम्पर्क राख्न सकिनेछ ।

खुमलाल भुसाल
प्रमुख प्रशासकीय अधिकृत



CamScanner